# श्री झिलिवाङ्ग सामुदायिक वन उपभोक्ता समूह
# सरुमारानी, १ प्यूठान ।

## गोप्य सिलबन्दी बोलपत्रद्वारा खयर काठ लिलाम बिक्री सम्बन्धी विस्तृत सूचना

**प्रथम पटक सूचना प्रकाशन मिति २०८१।०३।२१**

यस सामुदायिक वन उपभोक्ता समूहले आ.व. २०८०।०८१ मा डिभिजन वन कार्यालय प्यूठानबाट संकलन सहमति लिई नियमानुसार संकलन गरी रातामाटा भन्ने स्थानमा घाटगद्धी गरी राखेको खयर काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफनै खर्चमा उठाई लैजाने गरी लिलाम विक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । ईच्छुक काठ दाउरामा आधारित उधोग संचालन गर्न अनुमति प्राप्त गरी संचालनमा रहेका स:मील, उधमी/काष्ठको कारोवार गर्ने डिभिजन वन कार्यालयमा सूचिकृत फर्महरुले यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र खरिद गरी सोको भोलिपल्ट गोप्य शिलबन्दी वोलपत्र दाखिला गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिल**

**१. लिलाम सम्बन्धि वन पैदावारको विवरण**

| लट नं. | प्रजाती | गोलिया.थान | ईकाई | परिमाण (क्यू.फि.) | न्यूनतम मूल्य रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | खयर | ३६५५ | क्यू.फि. | ५५२५.८६ | ५८,०२,१५३/- | संकलन खर्च रु. २००।- प्रति क्यू.फि.थप लाग्ने छ । |

२. यो सूचना प्रकाशन भएको मितिले २१ दिन भित्र प्रति वोलपत्र फारम रु. ३,०००।– का दरले यस समूहको नेपाल बैंक लिमिटेड खलंगा शाखा प्यूठानमा रहेको खाता नं. ०५६००१००७५१८५१००००१ (JHALIBANG SHA. BA.U.SHA.) मा दाखिला गरी सोको बैंक भौचर, निवेदन / पत्र तथा उधम सम्बन्धि आवश्यक कागजात संलग्न गरी कार्यालय समय भित्र डिभिजन वन कार्यालय, प्यूठान वा यस समूहको कार्यालयबाट वोलपत्र खरीद गर्न सकिनेछ । बोलपत्र खरिद गर्ने अन्तिम दिन विदा परेमा विदाको भोलिपल्ट कार्यालय खुलेको दिनमा खरिद गर्न सकिनेछ ।

३. खरिद गरेको बोलपत्र यो सूचना प्रकाशन भएको मितिले २२ औं दिनको दिउसो २:०० बजे भित्र बोलपत्र खरिद गरेकै कार्यालयमा गोप्य शिलबन्दी बोलपत्र दाखिला गर्नु पर्नेछ र वोलपत्र दाखिलाको अन्तिम दिन विदा परेमा विदाको भोलिपल्ट कार्यालय खुलेको दिनमा तोकिएको समयभित्र दाखिला गर्नु पर्नेछ ।

४. सकारकर्ताले सकार रकममा संकलन खर्च वोलपत्रमा उल्लेख भए वमोजिम थप वुझाउनु पर्नेछ ।

५. वोलपत्र दाखिला गर्दा काठ दाउरामा आधारित संचालनमा रहेको उद्यमको डिभिजन वन कार्यालयमा सूचीदर्ता प्रमाणपत्रको प्रतिलिपी, वन पैदावार कारोवार दर्ता प्रमाण पत्र, कारोवारको पान भ्याट दर्ता तथा नविकरणको प्रमाणपत्रको प्रतिलिपी, करचुक्ता प्रमाणपत्रको प्रतिलिपी समेत पेश गर्नु पर्नेछ ।

६. सकारकर्ताले वोलपत्रमा सकार गरेको मूल्यको १०% ले हुन आउने रकम धरौटीको रुपमा यस समूहको माथि उल्लेखित बैंक खातामा दाखिला गरेको सक्कलै भौचर संलग्न गर्नु पर्ने छ । १० प्रतिशत भन्दा कम बैंक दाखिला भएको रकमको वोलपत्र मान्य हुने छैन ।

६. लिलाम वढावढ हुने वन पैदावार कार्यालय समय भित्र घाटगद्धी स्थलमा गई हेर्न सकिनेछ र सकारकर्ताले काठ जे जो अवस्थामा छ सोही अवस्थामा उठाई लैजानु पर्ने छ ।

७. दाखिला भएको वोलपत्रहरु २०८१।०४।१४ गते दिनको १:०० वजे यस उपभोक्ता समूहको कार्यालयमा सव डिभिजन वन कार्यालय, स्थानिय तह तथा अन्य सरकारी कार्यालयको रोहवरमा खोलिने छ । बोलपत्र खोलिने दिन सकारकर्ताहरु उपस्थित नभए पनि बोलपत्र खोलिने कार्य रोकिने छैन ।

८. रितपुर्वक पर्न आएका वोलपत्रहरुको मूल्याँकन गरी ७ दिन भित्र समितीबाट नियमानुसार लिलाम सदर गरि सोको जानकारीको लागि समुहको कार्यालयमा सुचना टाँस गर्नु पर्नेछ । सुचना टाँस भएको मितिले ४५ दिन भित्र सकारकर्ताले सकार रकम, मूल्य अभिवृद्धि कर, संकलन खर्च तथा नियमानुसार बुझाउनु पर्ने अन्य रकमहरु दाखिला गरी काठ उठाई लैजानु पर्ने छ अन्यथा नियमाअनुसार हुनेछ ।

९. वोलपत्रमा सकार गरिएको रकम अंक र अक्षर दुवैमा लेख्नु पर्ने छ । अंक र अक्षर फरक परेमा अक्षरलाई मान्यता दिईनेछ ।

१०. वोलपत्र सदर वा वदर गर्ने अधिकार सामुदायिक वन उपभोक्ता समूहको कार्य समितिलाई हुनेछ ।

११. थप जानकारीको लागि समूहको कार्यालयमा सम्पर्क राख्न सकिने छ ।